नेपाल सरकार
भौतिकपूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखरा
सडक डिभिजन पोखरा
कास्की

☎ 061-463487
Fax: 061-465123

Email: dropokhara@gmail.com
Website: www.dor.gov.np/pokhara

पुतलीबजार नगरपालिका
दर्ता नं. :- 600
मिति :- 2077/6/14

पत्र संख्या: ०७७/७८
चलानी नं. ५५१

मिति :२०७७/०६/११

श्री जिल्ला प्रशासन कार्यालय स्याङ्जा ।
श्री जिल्ला प्रहरी कार्यालय स्याङ्जा ।
श्री फेदी खोला गाउँपालिका ।
श्री पुतलीबजार नगरपालिका ।
श्री भिरकोट नगरपालिका ।
श्री वालिङ नगरपालिका ।
श्री गल्याङ नगरपालिका ।

बिषय:- सिद्धार्थ राजमार्गको सडक सीमा सम्बन्धमा ।

उक्त सम्बन्धमा स्याङ्जा जिल्ला भित्र सिद्धार्थ राजमार्गको राम्दी पुल (८७+४००) देखि कुभिन्डे (१६६+६७०) सम्मको खण्ड यस डिभिजनको कार्यक्षेत्रमा पर्नेमा बिगतमा नेपाल सरकारबाट सार्वजनिक सडक ऐन २०३१ बमोजिम राजपत्रमा सूचना प्रकाशित गरी तपशील अनुसार सडक सीमा तोकिएको देखिन्छ ।

- मिति २०३४/३/२० को राजपत्रमा सूचना प्रकाशित गरी सिद्धार्थ राजमार्गको केन्द्र रेखा देखि दुवै तर्फ २५/२५ मी सडक सीमा तोकिएको छ ।
- मिति २०३६/१/१७ को राजपत्रको सूचनाबाट सिद्धार्थ राजमार्गको १४५+९३४.०३ देखि १४७+३१०.०७ सम्मको जम्मा लम्बाई १३७६.०४ मी लम्बाईको दायाँ बायाँ दुवै तर्फ ६.५/६.५ मी सडक सीमा तोकिएको छ ।
- मिति २०४९/१/२९ को राजपत्रको सूचनाबाट राजपत्रमा सूचना प्रकाशित गरी सडक सीमा तोकिएकोमा सडक सीमा र सडक सीमा नतोकिएको सार्वजनिक सडकमा सो सडकको किनारा बाट ६/६ मिटर सम्म पर्खाल बाहेक अन्य कुनै किसिमको स्थायी बनोट (स्ट्रक्चर वा भवन) कसैले निर्माण गर्न नपाउने गरी निषेध गरिएको छ ।

हाल सिद्धार्थ राजमार्गको विभिन्न स्थानमा दुवै किनारा तर्फ उल्लेखित प्राबधान बिपरित सडक सीमा मिचेर बनेका पुराना तथा नयाँ घर टहराहरु रहेका देखिन्छन् । राजपत्रमा सूचना प्रकाशित गरी तोकिएको सडक सीमा अतिक्रमण गरी अबैध संरचना निर्माण हुन नदिन सबै निकायले ध्यान दिनु पर्ने देखिन्छ । हाल समेत सिद्धार्थ राजमार्गको ठाउँ

सुनिल बाबु पन्त
डिभिजन प्रमुख

नेपाल सरकार
भौतिकपूर्वाधार तथा यातायात मन्त्रालय
सडकविभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय पोखरा
सडक डिभिजन पोखरा
कास्की

☎ 061-463487
Fax: 061-465123

Email: dropokhara@gmail.com
Website: www.dor.gov.np/pokhara

पत्र संख्या: ०७७/७८
चलानी नं.

ठाउँमा सडक सीमा मिचेर घर टहरा निर्माण भैरहेको देखिएको र यस कार्यालयको एकल प्रयासबाट मात्र उक्त कार्य रोक्न सकिएको छैन । घर टहरा बनाउनु अघि सम्बन्धित पालिकाबाट नक्सा पास गर्नु पर्ने प्रावधान बमोजिम नक्सा पास गर्दा नै सरकारले तोकेको सडक सीमाको पालना गरी संरचना निर्माण हुने सुनिस्चित गरी मात्र नक्सा पास गरिदिनुहुन तथा स्वीकृति बेगर बन्ने संरचना निर्माण कार्य हुन नदिन/ निर्माण गरिएको पाइएमा तत्काल रोक्न वा भत्काउन समेत प्रहरी प्रशासन तथा सम्बन्धित पालिकाहरुबाट आवश्यक पहल तथा सहयोगका लागि अनुरोध गरिन्छ । साथै पालिकाहरुको बजेटबाट राजमार्गमा जोडिने गरी पहुँच सडकहरु निर्माण गर्दा सार्वजनिक सडक ऐन २०३१ को दफा १९ बमोजिम अनिवार्य सडक बिभागको स्वीकृति लिने र पहुँच सडक जोडिने ठाउँमा राजमार्गको नाली अबरुद्ध हुन नदिने तथा पहुँच सडकबाट राजमार्गमा बगेर आउने पानीलाई दायाँ बायाँ नाली बनाइ राजमार्गको नालीमा व्यवस्थापन गर्ने गरी मात्र निर्माण कार्य अघि बढाइदिन समेत अनुरोध गरिन्छ ।

(सुनिल बाबु पन्त)
डिभिजन प्रमुख

सुनिल बाबु पन्त
डिभिजन प्रमुख